# कृषि तथा वन विज्ञान विश्वविद्यालय

## रजिष्ट्रारको कार्यालय
## चितवन, नेपाल

सम्पर्क कार्यालय
पो. ब. नं. १३७१२
विनायक, धुर्वमार्ग,
मीनभवन, काठमाण्डौं

मितिः २०६९/१२/२०

## शिक्षक, कर्मचारी समायोजन सम्बन्धि ३५(पैतिस) दिने सार्वजनिक सूचना

यस कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन २०६७ को दफा ३ को उपदफा (२) बमोजिम त्रिभुवन विश्वविद्यालयको आंङ्गिक क्याम्पसको रुपमा रहेको कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर, कृषि क्याम्पस, रामपुर र मकवानपुर जिल्लामा संचालित हेटौंडा वन क्याम्पस, हेटौंडा यस विश्वविद्यालयमा समावेश भई आएकोमा कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन २०६७ को दफा ३ को उपदफा (२) बमोजिम यस विश्वविद्यालयमा समावेश भएको त्रि. वि.अन्तर्गतको उक्त अध्ययन संस्थान र क्याम्पसहरुमा कार्यरत रहेका शिक्षक, कर्मचारीहरुको समायोजन सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालयवाट कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन २०६७ को दफा ३९ बमोजिम विश्वविद्यालय अनुदान आयोगको मिति २०६९।८।१९ च.नं.४४१ बाट स्विकृत दरवन्दीमा यस विश्वविद्यालयको शिक्षक, कर्मचारी सेवा नियमावली २०६९ को नियम १६ को उपनियम (३), (४), (५) र (६) नियम ५३, ६४(२) र ९३ को अधिनमा रही यस विश्वविद्यालयमा समायोजन गर्न यस विश्वविद्यालयको कार्यकारी परिषद्बाट मिति २०६९।१२।१९ मा निर्णय भएको हुँदा कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन २०६७ दफा ३(२), यस विश्वविद्यालयको शिक्षक, कर्मचारी नियमावली २०६९ को नियम १६ को उपनियम (३), (४), (५) र (६) नियम ५३, ६४(२) ९३ को अधिनमा रही यस विश्वविद्यालयको संगठन र शैक्षिक, प्रशासन नियमावली २०६९ को नियम १७३ र शिक्षक, कर्मचारी सेवा नियमावली २०६९ को नियम ५२ अनुसार सेवा अवधि गणना हुने गरी यस विश्वविद्यालयमा समायोजनको लागी निवेदन दिन यो ३५ (पैतिस) दिने सूचना प्रकाशित गरीएको छ। निवेदनका साथ देहायका कागजहरु संलग्न गनुपर्नेछ।

१. शुरु नियूक्ति पत्र

२. हाल कार्यरत पदको नियूक्ति पत्र

३. नागरीकताको प्रतिलिपी

..................................

डा. सूर्य कान्त घिमिरे
रजिष्ट्रार

रजिष्ट्रार

चितवन फोन :०५६-५२०६०२
काठमाण्डौं फोन नं. : ०१-४१०६२७७
फ्याक्स नं. : ०१-४१०६२४८